आज मिति २०८१ साल माघ २३ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को नवौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

**सहयोगी कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | रनवीर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | सहयोगी | |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## नवौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. संघीय समपूरक र विशेष अनुदानको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
४. खेलकुद विकास कार्यक्रम सहयोग सम्बन्धमा ।
५. सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन सम्बन्धमा ।
६. विविध छलफल सम्बन्धमा ।

## २०८१ माघ २३ गते बसेको नवौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | संघीय समपूरक र विशेष अनुदानको प्रस्ताव पेश गर्ने सम्बन्धमा । | सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न आवश्यक रहेको । | राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ गते सूचना बमोजिम सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने तपसिल बमोजिमका आयोजना वा कार्यक्रमका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्न आवश्यक रहेको ।<br>तपसिल<br>१) समपुरक आयोजना तर्फ :-<br>क) खुङ्ग्री महेन्द्री हरिगाउँ आपचौर मोटरबाटो स्तरोन्नती ।<br>ख) राज्य पोखरी वृहत सिचाई योजना ।<br>ग) सुनिलमार्ग कालोपत्रे योजना ।<br>२) विशेष अनुदान तर्फ :-<br>क) किमिचौर घोडागाउँ सुर्पाल दाङ मोटरबाटो स्तरोन्नती ।<br>ख) खानेपानी निर्माण योजना वडा नं. ८<br>ग) कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको संकलन तथा विक्रि केन्द्र स्थापना, बाली भण्डारण तथा क्षति नियन्त्रण सम्बन्धी कार्यक्रम । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल

मणिराम ...

| | | | | |
|---|---|---|---|---|
| ३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमा । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन आ.व. २०८०/०८१ लाई स्वीकृत गर्नुपर्ने । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन आ.व. २०८०/०८१ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | खेलकुद विकास कार्यक्रम सहयोग सम्बन्धमा । | सनस्टार यूवा क्लव रोल्पा नगरपालिका-४ द्वारा मिति २०८१/११/१० देखि सञ्चालन गर्न लागेको राष्ट्रिय भलिवल खेलकुद प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहयोग माग गरेको । | सनस्टार यूवा क्लव रोल्पा नगरपालिका-४ रोल्पाद्धारा मिति २०८१/११/१० देखि सञ्चालन गर्न लागेको राष्ट्रिय भलिवल खेलकुद प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहयोग माग भई आएको हुदाँ खेलकुद विकास कार्यक्रम खर्च शिर्षकबाट विल भर्पाई पेश भएको आधारमा मात्र रु. ५००००।– (अक्षरुपी पचास हजार रुपैया मात्र) भुक्तानी गर्ने र उक्त क्लवको आयोजनामा सञ्चालन हुने जिल्ला स्तरी खुला महिला भलिवल प्रतियोगितामा सहभागी खेलाडिहरुलाई आवश्यक रकम समेत यसै शिर्षकबाट भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन सम्बन्धमा । | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फ सुरक्षित नागरिक आवास कार्यक्रम :- रोल्पा जिल्ला क्षेत्र नं. १ अन्तर्गत सुनिलस्मृति गाउँपालिका-३१७ र गाउँपालिकाबाट विनियोजित रकमको तत्काल कार्यान्वयन गर्न आवश्यक रहेको । | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फ सुरक्षित नागरिक आवास कार्यक्रम र गाउँपालका तर्फबाट विनियोजित सुरक्षित नागरिक आवास कार्यक्रम तर्फ चालु आ.व.का लागि सवै वडाहरुबाट ५/५ घरधुरी छनौट गरी तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबांट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) मुहान दर्ता सम्बन्धमा । | क) सुनिलस्मृति गाउँपालिकाको स्थानीय गाउँजलश्रोत समितिको मिति २०८१/०९/१९ गतेको निर्णय तथा सिफारिस अनुसार जलश्रोत उपयोग अनुमति प्रमाणपत्र उपलबब्ध गराउन सिफारिस गरिएको "पाखापानी घरेलीखोला खा.उ.स., वडा नं. ७, जरिन वसुधरा लिफ्ट खा.उ.स. वडा नं. २, डोरा गोदुम खा.उ.स. वडा नं. २ र सातमुले काहाँखोला खा.उ.स. वडा नं. ८"लाई दर्ता तथा जलश्रोत उपयोग अनुमति प्रमाण-पत्र प्रदान गर्न आवश्यक देखिएकोले सोही अनुसारका जलश्रोत उपभोक्ता समितिलाई प्रमाण-पत्र उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल

सुधिराम बहाथोकी

| | | | | |
|---|---|---|---|---|
| | | **ख)** रकम भुक्तानी सम्बन्धमा । | **ख)** यस गाउँपालिका वडा नं. ५ मा आ.व. २०७७/०७८ मा निर्माण कार्य कन्ट्रक्सन अफ हेल्थपोष्ट विल्डिङ वडा नं. ५ निर्माण ठेक्का नं. OSSRM-RLO-W-NCB17-2077/078 को योजनाको लागी यस गाउँपालिबाट वोलपत्र स्वीकृत भएकोमा गाउँपालिका र ओमबुद्ध स्वर्गद्धारी माहाप्रभु जे.भी. स्वर्गद्धारी नपा ३ प्यूठान विच संझौता भई मिति २०८०/०३/२४ गते अन्तिम भुक्तानी भएको र वजेट अपुग भई रु १४५४३५.३०।– (अक्षरुपी एक लाख पैतालिस हजार चार सय पैतिस रुपैया तीस पैसा मात्र) भुक्तानी दिन बाँकी भएको हुदाँ उक्त रकम चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रमबाट भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | **ग)** रकम संशोधन सम्बन्धमा । | **ग)** सुनिलस्मृति गाउँपालिका वडा नं. ७ तेबाङ रोल्पाको च.नं. ३५४ र मिति २०८१/१०/२० को पत्रानुसार चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित नयराम चिस्पाधारा मोटरबाटो ग्रावेल खर्च शिर्षकलाई बिगेगौडा खानेपानी योजना थप गरी योजना सम्पन्न गर्ने भनि भएको सिफारिस अनुसार योजना संशोधन गर्न आगामी गाउँसभामा सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | **घ)** अध्ययन विदा सम्बन्धमा । | **घ)** यस गाउँपालिका वडा नं. ४ मा कार्यरत वडा सचिव सहायक स्तर चौथो (क.स.नं. २३८२१९) श्री तिर्सना विष्टले अध्ययन विदा स्वीकृतिका लागि सिफारिस गरिदिन भनि मिति २०८१/१०/२२ गते निवेदन पेश गर्नुभएको हुदाँ अध्ययन विदा स्वीकृतिका लागि सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | ङ) स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण सम्बन्धमा । | ङ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फ स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान खर्च शिर्षकबाट छनौट भएका विद्यालयहरु श्री रामेश्वरी माध्यामिक विद्यालय वडा नं. १ घोडागाउँ, श्री लिस्ने आधारभूत विद्यालय वडा नं. ८ अफलेपोखरा र श्री बालवोध आधारभूत विद्यालय वडा नं. ५ काभ्रामा CLPIU (EDU) को डिजाइन 2-Storey-4 class Room बमोजिम निर्माण गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ङ) निर्णय अनुमोदन सम्बन्धमा । | ङ) मिति २०८१/१०/२२ गते बसेको निर्माण कार्य खरिद सम्बन्धी (ठेक्का रद्द) सम्बन्धि निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | च) घर नक्सा अभिलेखिकरण सम्बन्धमा । | च) घर नक्सा अभिलेखिकरण गर्न छुट भएका घरहरुको निवेदन प्राप्त भएको हुदाँ अभिलेखिकरण कार्यलाई मिति २०८२ अषाढ मसान्तसम्म कायम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष